राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ | अंक १८ | २०८२ साउन २० गते मंगलवार | (5 Aug. 2025) | पृष्ठ ४ | मूल्य रू. ३।-

## कक्षा १२ को नतिजा सार्वजनिक ६१.१७ प्रतिशत विद्यार्थी उत्तीर्ण




दैनिक समाचारदाता

काठमाडौं, १९ साउन । राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को वार्षिक परीक्षाको नतिजा सोमबार साँझ सार्वजनिक गरेको छ। बोर्डको बैठकले नतिजा अनुमोदन गरेलगत्तै सार्वजनिक गरिएको हो। परीक्षा बोर्डका अनुसार यस वर्ष कक्षा १२ मा ६१.१७ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भएका छन्, भने ३८.८३ प्रतिशत विद्यार्थी ननग्रेड (NG – Non–graded) मा परेका छन्।

शिक्षक आन्दोलनका कारण समयमै नतिजा सार्वजनिक हुन सकेन राष्ट्रिय परीक्षा बोर्डको क्यालेन्डरअनुसार कक्षा १२ को नतिजा साउन १५ भित्र सार्वजनिक गरिनुपर्ने थियो। तर, गत चैत २० गतेदेखि सुरु भएको शिक्षकहरूको आन्दोलनका कारण २९ दिनसम्म परीक्षा प्रणाली प्रभावित भई नतिजा सार्वजनिकमा ढिलाइ भएको हो। यस वर्ष परीक्षा वैशाख ११ गतेबाट सुरु हुने तय गरिएको थियो। तर आन्दोलनका कारण परीक्षा १० दिनपछि, अर्थात् वैशाख २१ गतेदेखि सुरु भएको थियो।

***परीक्षार्थीको संख्या आधा करोडभन्दा बढी***

बोर्डका अनुसार, चालु वर्षको परीक्षामा देशभरबाट कुल ५ लाख ११ हजार ५ सय २५ विद्यार्थी सहभागी भएका थिए। जसमा विज्ञान, व्यवस्थापन, शिक्षा, मानविकी, ल क, संस्कृत, प्राविधिक तथा अन्य संकायका विद्यार्थीहरू रहेका थिए।

बोर्डले यसअघि साउन १८ गते आइतबार नतिजाको डेमो ( पूर्वावलोकन) सार्वजनिक गरेको थियो। डेमो परीक्षण सफल भएसँगै सोमबार साँझ बोर्ड बैठक बसेर औपचारिकरूपमा नतिजा सार्वजनिक गरिएको हो।

***ग्रेड वृद्धि परीक्षा भदौमा***

नतिजामा ननग्रेड (ल्न) प्राप्त गर्ने विद्यार्थीलाई लक्षित गर्दै राष्ट्रिय परीक्षा बोर्डले ग्रेड वृद्धि परीक्षा आगामी भदौ २८ र २९ गते सञ्चालन गर्ने घोषणा गरेको छ। बोर्डका अध्यक्ष महाश्रम शर्माले आजै आयोजित पत्रकार सम्मेलनमार्फत ग्रेड सुधार (ग्रेड वृद्धि) परीक्षा तालिका सार्वजनिक गरेका हुन्।

ग्रेड वृद्धि परीक्षामा अधिकतम दुई विषयमा ननग्रेड प्राप्त विद्यार्थी सहभागी हुन सक्नेछन्। यसअघिका वर्षहरूमा जस्तै यसपटक पनि सुधार परीक्षा राष्ट्रिय स्तरका निश्चित केन्द्रहरूमा सञ्चालन गरिनेछ।

***ननग्रेडको उच्च अनुपातप्रति चिन्ता***

यस वर्ष पनि करिब ३९ प्रतिशत विद्यार्थी ननग्रेड मा परेको तथ्यांकले शिक्षा क्षेत्रका सरोकारवालामाझ चिन्ता पैदा गरेको छ। शिक्षाविद्हरूका अनुसार परीक्षाको ढिलाइ, अध्यापन अवरोध, मूल्याङ्कनको असंगठित प्रक्रिया तथा विद्यार्थीको मनोबलमा परेको असरले नतिजामा नकारात्मक प्रभाव पारेको हुनसक्छ।

शिक्षा विज्ञ डा. तारा श्रेष्ठ भन्छन्, "ननग्रेडमा परेकाको संख्या चिन्ताजनक छ। विशेषगरी सार्वजनिक शिक्षामा अध्ययनरत विद्यार्थीहरूमा कमजोर नतिजा देखिएको छ, जुन शिक्षामा पहुँच र गुणस्तरबीचको खाडललाई पनि देखाउँछ।"

***भविष्यप्रति विद्यार्थी र अभिभावक चिन्तित***

नतिजा सार्वजनिक भएपछि सामाजिक सञ्जालमा विद्यार्थी तथा अभिभावकहरूले मिश्रित प्रतिक्रिया जनाएका छन्। कतिपयले मूल्याङ्कन प्रणाली सुधार गर्नुपर्ने माग गरेका छन् भने कतिपयले शिक्षाको गुणस्तरमाथि गम्भीर प्रश्न उठाएका छन्।

उत्तीर्ण भएका विद्यार्थी अब स्नातक तहमा अध्ययनका लागि तयारीमा जुट्ने छन् भने ननग्रेडमा परेकाहरू सुधार परीक्षाको प्रतिक्षामा छन्।

# जटही नाका हुँदै एक वर्षमा तीन लाख भारतीय पर्यटक जनकपुर प्रवेश

## सीताकालीन नगरीमा पर्यटकीय चहलपहल, ४४ हजारभन्दा बढी सवारीसाधन भित्रिए

वीरेन्द्र कर्ण



जनकपुरधाम, १९ साउन । सीताकालीन संस्कृति, प्राचीन सभ्यता र धार्मिक महत्वले भरिएको जनकपुरधाममा दर्शनार्थ आउने भारतीय पर्यटकको संख्यामा उल्लेख्य वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ को अवधिमा मात्र जटही नाकाबाट स्थलमार्ग हुँदै करिब तीन लाख भारतीय पर्यटक जनकपुरधाम प्रवेश गरेका छन् ।

भारतको उत्तर प्रदेश, बिहार, झारखण्ड, पश्चिम बंगाललगायत राज्यबाट बस लगायत मोटरसाइकल, जीप तथा अन्य सवारी साधनमार्फत नेपाली सीमामा प्रवेश गरेका हुन । जानकी मन्दिर, राम( जानकी विवाह मण्डप, लक्ष्मण मन्दिर, अग्निकुण्ड, धनुष सागर र गंगासागर जस्ता धार्मिक तथा ऐतिहासिक स्थलहरूको दर्शन गर्न आउने गरेका छन् ।

जटही स्थित छोटी भन्सार कार्यालयका कर्मचारी अजय यादवका अनुसार, पछिल्लो वर्ष मात्रै उक्त नाकाबाट ४४ हजार १ सय ४१ वटा सवारी साधन जनकपुरधाम भित्रिएका छन् । "विशेषगरी भारतीय धार्मिक पर्यटकहरूको चाप बढ्दो छ," यादवले भने, "नेपाल(भारत खुला सीमाको फाइदा उठाउँदै धेरैजसो पर्यटक छोटो अवधिको यात्रा गरी फर्किने गर्दछन्, तर उनीहरूले जनकपुरको पर्यटन, व्यापार र राजस्व क्षेत्रमा प्रत्यक्ष प्रभाव पारिरहेका छन् ।"

राजस्व संकलनमा पनि उल्लेखनीय योगदान

भन्सार विभाग, संघीय सरकारको लक्ष्यअनुसार जटही भन्सार कार्यालयलाई आर्थिक वर्ष २०८१/८२ मा ५७ करोड ७ लाख १७ हजार रुपैयाँ राजस्व संकलन गर्ने जिम्मेवारी दिइएको थियो । उक्त लक्ष्यको ८४.३५ प्रतिशत अर्थात् ४८ करोड १४ लाख १३ हजार ८३९ रुपैयाँ राजस्व संकलन गर्न सफल भएको छ।

२०६२ सालदेखि सञ्चालनमा रहेको जटही छोटी भन्सार कार्यालयलाई २०७२ सालमा 'मूल भन्सार कार्यालय'को रूपमा स्तरोन्नति गरिएको हो । जटही नाकाबाट भारतबाट नेपालतर्फ लत्ता(कपडा, हार्डवेयर सामग्री, खाद्यान्न, मोटरसाइकल तथा अन्य सवारीसाधनका पार्टपूर्जा, निर्माण सामग्रीलगायतका वस्तुहरूको नियमित आयात हुने गर्दछ । व्यापारी र भन्सार एजेन्टहरूका अनुसार, जटही नाका मधेस प्रदेशको व्यस्त तथा सम्भावनायुक्त नाकामध्ये एक हो।

जनकपुरधाम राम(सीता विवाहको स्थलको रूपमा भारतीय धार्मिक पर्यटकहरूको आकर्षण केन्द्र हो । वर्षभरि रामनवमी, विवाहपञ्चमी, सावन महिना, तीज तथा छठ पर्व जस्ता धार्मिक अवसरमा यहाँको चहलपहल उल्लेखनीय हुन्छ । विशेषगरी सस्तो यात्रा, धार्मिक श्रद्धा र ऐतिहासिक महत्वका कारण भारतीय तीर्थयात्रीहरू सपरिवार यहाँ आउँछन् ।

पूर्वाधार विस्तारको माग

जटही नाका हुँदै हुने व्यापार र पर्यटक आगमनको वृद्धिलाई दृष्टिगत गर्दै सरोकारवाला निकायहरूले पूर्वाधार विस्तारको आवश्यकता औंल्याउँदै आएका छन् । अहिलेको सडक सञ्जाल, पार्किङ सुविधा, भन्सार प्रक्रिया र पर्यटक सेवा व्यवस्थापन अझ प्रभावकारी बनाउने हो भने यो नाका अझ उपयोगी बन्न सक्ने स्थानीयको विश्वास छ ।

सीमा नाका मात्र नभई सांस्कृतिक सेतु

जनकपुरधाम नेपाल(भारत सम्बन्धको ऐतिहासिक सांस्कृतिक सेतु हो । यहाँको माटोमा राम(सीताको सम्बन्ध मात्रै होइन, समग्र मिथिला संस्कृतिको साझा सम्पत्ति समेटिएको छ। त्यसैले पनि, जटही नाका नाफाको दृष्टिकोणले मात्र नभई सांस्कृतिक आदान(प्रदानको दृष्टिले पनि महत्वपूर्ण मानिन्छ ।

अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# बहुविवाहलाई वैधता दिने कानुनी प्रयास–समानताको मूल्यमाथिको प्रहार

नेपाल महिला सङ्घले हालै प्रस्तावित कानुनी व्यवस्थाविरुद्ध सार्वजनिक रूपमा आपत्ति जनाउँदै बुझाएको ज्ञापनपत्र न केवल सन्देहास्पद कानुनी प्रयासको भण्डाफोर हो, यो महिलाको समानता, गरिमा र न्यायको पक्षमा उच्च स्वर पनि हो। प्रस्तावित विधेयक, जसले वैवाहिक सम्बन्ध कायम रहेका पुरुषहरूलाई दोस्रो सम्बन्धलाई विवाहमा परिणत गर्न छुट दिने प्रावधान राख्छ, नेपालको फौजदारी कानुन, संविधान र लैङ्गिक समानताको मर्मसँग ठाडो टकरावमा छ।

यस प्रावधानको मूल धारणाअनुसार, वैवाहिक सम्बन्धमा रहेका पुरुषले अन्य महिलासँग शारीरिक सम्पर्कबाट बच्चा जन्मिएमा, यदि उनीहरू विवाह गर्न चाहन्छन् भने, त्यो वैध ठहरिनेछ। कानुन मन्त्रालयका अधिकारीहरूले यसलाई दोस्रो महिलाको र उनको सन्तानको हक सुनिश्चित गर्न ल्याइएको तर्क गरेका छन्। तर प्रश्न उठ्छ–के कुनै व्यक्तिको गैरजिम्मेवारता, विवाहेत्तर सम्बन्ध, र सामाजिक रूपले दण्डनीय व्यवहारलाई वैधानिकता दिनु नै समाधान हो?

नेपालको महिला आन्दोलन, विशेषतः बहुविवाह, छुवाछुत, हिंसा र विभेदविरुद्ध लडाइँ गर्दै अघि बढेको इतिहास छ। दशकौंको कठिन सङ्घर्षपछि महिलाले कानुनी, सामाजिक तथा सांस्कृतिक अधिकारहरू सुनिश्चित गर्न सकेका छन्। तर यस्तो प्रतिगामी प्रस्तावले यी उपलब्धिहरूलाई ध्वस्त पार्ने खतरनाक संकेत दिएको छ।

बहुविवाह हाल पनि समाजमा मौलाएको समस्यामध्ये एक हो। कानुनतः यो अपराध हो र यसले महिलामा हिंसा, मानसिक पीडा, सामाजिक तिरस्कार र गरिबी निम्त्याउने प्रमाणित तथ्यहरू छन्। यस्तो परिस्थितिमा, त्यसलाई परोक्ष रूपमा वैधानिकता दिने प्रस्ताव ल्याउनु, महिलाको हक, गरिमा र अस्तित्वमाथिको उपहास हो। पुरुषको गैरजिम्मेवार व्यवहारलाई "दोस्रो महिलाको हकको संरक्षण" जस्ता भाषिक आवरणमा लुकाएर कानुनी स्वीकृति दिनु, विधिको शासनप्रति अविश्वास पैदा गर्ने काम हो।

नेपाल महिला सङ्घले उठाएको चिन्ता एकदमै समयानुकूल र न्यायोचित छ। यस प्रस्तावले महिलाको आत्मसम्मानमा आँच पुऱ्याउँछ, बहुविवाहजस्तो सामाजिक अपराधलाई नयाँ रूपले पुनःस्थापित गर्छ, र लैङ्गिक समानताको संवैधानिक मर्ममाथि घात पुऱ्याउँछ। महिलाविरोधी सोचबाट प्रेरित यो विधेयक तत्काल फिर्ता लिनु नै न्यायोचित निर्णय हुनेछ। सरकारले यस्ता प्रस्ताव ल्याउँदा त्यसको सामाजिक, सांस्कृतिक र कानुनी प्रभावबारे गम्भीर समीक्षा गर्नुपर्छ। लोकतान्त्रिक व्यवस्थामा कानुन निर्माण केवल कानुनविद्हरूकै कार्य होइन; यसमा पीडित समुदाय, मानव अधिकारकर्मी, महिला अधिकारकर्मी, र नागरिक समाजको सहभागिता अनिवार्य छ। यस्ता प्रस्ताव ल्याउनु पूर्व, समावेशी संवाद र गहन परामर्श आवश्यक छ। एकल महिलाको वा असुरक्षित अवस्थामा रहेका महिलाहरूको हकको रक्षा बहुविवाहलाई वैधानिकता दिएर होइन, राज्यबाट गरिने संरक्षित सामाजिक सुरक्षाका उपायमार्फत मात्र सम्भव छ। सङ्घीय सरकारसँग हाम्रो आग्रह छ–लैङ्गिक न्यायको पक्षमा उभिनुहोस्। समानताको आधारभूत सिद्धान्तमा सम्झौता नगरी, सबै महिलाको हक र अस्मिताको रक्षा गर्न न्यायोचित, समतामूलक र सहभागितामूलक नीति निर्माणमा लाग्नुस्। बहुविवाहलाई वैधता दिने सोच न केवल समयच्युत छ, यो संविधान र मानव अधिकारको समेत उल्लङ्घन हो।

यदि आज हामी मौन बस्यौं भने, भोलिका पुस्ताले हामीमाथि प्रश्न गर्नेछन्–जब महिलाको अधिकारमाथि हमला भइरहेको थियो, तपाईंहरू कहाँ थियौं?

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# जनकपुरधाम : मिथिलाको आत्मा, संस्कृतिको सगरमाथा




कैलास दास

जनकपुरधाम ! नाम सुन्नासाथ मनमा श्रद्धा, संस्कार र संस्कृति एकैपटक सलबलाउँछ। यहाँको माटोमा राजा जनकको दर्शन, सीताको स्नेह, यज्ञवल्क्यको ज्ञान र झिझियाको ताल गुञ्जिएको छ। यो केवल सहर होइन(जीवित सभ्यता हो।

नेपालको मधेस प्रदेश अन्तर्गत धनुषा जिल्लामा अवस्थित जनकपुरधाम केवल एउटा भौगोलिक स्थान होइन। यो सहर त्रेतायुगदेखि आजसम्म सास फेर्दै आएको संस्कार, आस्था, र सभ्यताको आत्मा हो। मिथिला संस्कृतिको हृदयस्थलका रूपमा परिचित जनकपुरधाम धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय दृष्टिकोणले विशिष्ट छ। यहाँका मठ-मन्दिर, पोखरी-सरोवर, भेषभूषा, भोजन, नृत्य-संगीत, पर्व-उत्सव, र मिथिला चित्रकलासम्म-सबैले जनकपुरलाई अद्वितीय बनाएका छन्।

जनकपुर : एक ऐतिहासिक अवशेष, जो आज पनि जीवित छ

जनकपुरधामको मूल परिचय राजा जनकसँग जोडिएको छ। त्रेतायुगका विद्वान्, ज्ञानी र धर्मनिष्ठ राजा जनक यहींको राजा थिए। उनले राज्य प्रशासनलाई नै धर्मको पथमा डोहोऱ्याएका थिए। उनी मात्र राजा थिएनन्, एक ऋषि पनि थिए। उनैको पुत्रीको रूपमा भगवती सीताको उत्पति भएको मानिन्छ। यसैले जनकपुरलाई 'जानकीको जन्मस्थली', 'जनकको राजधानी', 'राम(सीताको मिलनभूमि', 'तपोभूमि' भन्ने गरिन्छ।



हिन्दू धर्मशास्त्र अनुसार, भगवान् राम र देवी सीताको विवाह यहींको धरतीमा सम्पन्न भएको थियो। रामायणमा वर्णित 'विवाह पञ्चमी' पर्व आज पनि यहाँ भव्य रूपमा मनाइन्छ। अयोध्याबाट हजारौं भारतीय श्रद्धालुहरू 'जन्ती' (बरात) लिएर जनकपुर आइपुग्छन्, र सोही विवाह मण्डपमा राम(सीताको प्रतीकात्मक विवाह सम्पन्न हुन्छ।

*मिथिला संस्कृतिको शिरमौर-जनकपुर*

जनकपुर केवल मन्दिरहरूको सहर मात्र होइन, मिथिला संस्कृतिको जीवन्त संग्रहालय हो। यहाँ मिथिलाकै पहिरन, भोजन, भाषा, गीत, नाच, भजन, चित्रकला, परंपरागत ज्ञान र व्यवहार देख्न पाइन्छ। मानिसहरू आफ्नो सांस्कृतिक पहिचानमा गर्व गर्छन्।

*भेषभूषा*

यहाँको सांस्कृतिक पोशाकले नै जनकपुरलाई विशेष बनाउँछ। पुरुषहरू प्रायः धोती, कुर्ता, गम्छा र टोपी लगाउँछन्। विशेष पर्वहरूमा अझ बढी मौलिक पोशाकहरू देखिन्छन्। महिलाहरू साडी, बलाउज, ओढनीमा सजिन्छन् भने बालिकाहरू प्रायः कुर्ती( सुरुवाल अथवा लहंगा(चोलीमा देखिन्छन्। विवाह, पूजा, पर्व र धार्मिक उत्सवहरूमा यी पोशाकहरू साँच्चिकै मिथिलाको पहिचान जस्ता देखिन्छन्।

*भोजन परम्परा*

मिथिला भोजन पनि जनकपुरको सांस्कृतिक सम्पदा हो। यहाँको प्रख्यात परिकारहरूमा पान-मखान, कढी-बडी, तरुवा ( सब्जीको पकोडी), बगिया (चामलको पिठोबाट बनाइने परिकार), घुघनी, दाल-भात-तरकारी, ठेकुवा, चिउरा-दही, माछा-भात, खाजा पकवान आदि विशेष छन्। यिनले जनकपुरको स्वाद मात्र होइन, परम्परा पनि चिनाउँछन्।

*धार्मिक स्थलहरूको अनुपम वैभव*

जनकपुरधाम धार्मिक आस्थाको केन्द्र हो। यहाँ अवस्थित मन्दिरहरू केवल आस्थाका स्थान मात्र होइनन्, इतिहासका साक्षी पनि हुन्। यहाँका प्रमुख धार्मिक स्थलहरू यसप्रकार छनः

*१. जानकी मन्दिर*

१८९५ मा बनाइएको यो मन्दिर नेपाली संगमरमर र मुगल शैलीको मिश्रणमा बनेको छ। यो नेपालकै सबैभन्दा ठूलो हिन्दू मन्दिर हो। हरेक दिन हजारौं श्रद्धालु दर्शनका लागि पुग्छन्। जानकी नवमी, विवाहपञ्चमी, रामनवमी, झुलनोत्सव, छठपर्व आदि समयमा मन्दिर परिसर फूल, दीप, तोरण, मण्डप र झाँकीले सजिएर स्वर्गीय दृश्य प्रदान गर्छ।

*२. राम मन्दिर, संकटमोचन मन्दिर, शिव मन्दिर*

राम मन्दिरमा रामको मूर्ति स्थापना गरिएको छ भने संकटमोचन हनुमान मन्दिर भक्तहरूको संकट टार्ने स्थल मानिन्छ। शिव मन्दिरहरूमा महाशिवरात्रिमा विशेष पूजाअर्चना गरिन्छ।

*३. विवाह मण्डप*

राम-सीताको विवाह भएको पौराणिक स्थल, आज विवाह मण्डपको रूपमा संरक्षित गरिएको छ। यहाँ विवाहपञ्चमीका बेला हजारौंको संख्यामा दर्शनार्थीहरू आउँछन्।

*४. राजदेवी, दुल्हादुल्हिन, बौधीमाई, दुर्गा, सोनामाई, पुष्पवाटिका आदि मन्दिरहरू*

यी सबै मन्दिरहरू आफ्ना(आफ्नै धार्मिक र सामाजिक इतिहास बोकेका छन्। प्रत्येक मन्दिरमा विशिष्ट पर्वमा ठूलो मेला लाग्ने गर्दछ।

*सरोवर र तीर्थ स्नान : पवित्र जल र पवित्र भावना*

जनकपुरधाम पोखरीहरूको नगरी पनि हो। यहाँका सरोवरहरू धार्मिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले महत्वपूर्ण छन्। गंगासागर, धनुषसागर, अंगराज सर, दशरथ तलाव, रंगभूमि मैदान, पापमोचनी, दूधमती नदी आदि पोखरीहरूमा श्रद्धालुहरूले स्नान गरेर जानकी मन्दिरमा पूजा अर्चना गर्छन्।

गंगासागरमा विवाहपञ्चमीमा स्नान गरी पवित्रता प्राप्त गर्ने परम्परा छ। जानकी माताको दर्शन गर्न आउने श्रद्धालुहरु पहिला गंगासगार र धनुषसागरमा स्नान गरी जानकी माताको पूजा अर्चना गर्ने गर्दछन।

धनुषसागरमा भगवान् शंकरको धनुष टुटेको किंवदन्ती जोडिएको छ। यी तीर्थ स्थलहरूले जनकपुरलाई अझ धर्मिक ऊर्जाले भरिदिन्छन।

*पर्व, उत्सव र सांस्कृतिक चमक*

जनकपुरधाममा बारहमास कुनै न कुनै पर्व मनाइन्छ। यहाँका पर्वहरू केवल धार्मिक आस्था नभई सांस्कृतिक प्रदर्शन पनि हुन्।

*विवाहपञ्चमी*

राम-सीताको विवाह उत्सव, जुन भारतीय अयोध्याबाट बरात लिएर आउँछ। जानकी मन्दिर परिसरमा विवाह मण्डपमा प्रतीकात्मक विवाह गरिन्छ। यिनै दिन जानकी नवमी र रामनवमी पनि भव्य ढंगले मनाइन्छ।

*छठ पर्व*

चार दिन लामो सूर्य उपासना पर्व जनकपुरको सरोवरहरूमा दीप, फल, बासको टोकरी, चोखो मन र पवित्र आस्थाले मनाइन्छ। हजारौंको संख्यामा महिलाहरू जलमा उभिएर सूर्यलाई अर्घ्य दिन्छन्।

*झिझिया नृत्य*

दशैंमा महिलाहरूले रातको समयमा टाउकोमा माटोको भाँडोमा जलती दियो बोकेर झिझिया नृत्य गर्छन्। यो केवल नाच होइन, शक्ति आराधना हो।

*अन्य पर्वहरू*

रक्षाबन्धन, कृष्णजन्माष्टमी, सामा(चकेवा, मधुश्रावणी, तिहार, चैत(अष्टमी, रामनवमी, नागर डिहबार पूजा आदि पर्वहरूले यहाँको संस्कृति झल्काउँछन्।

*पर्यटनको संभावना र अन्तर्राष्ट्रिय आकर्षण*

जनकपुरधाम केवल नेपालीहरूका लागि होइन, भारत, श्रीलंका, थाइल्याण्ड, बङ्गलादेश, जापान, अमेरिका, चीन आदि देशका धार्मिक पर्यटकहरूका लागि पनि अत्यन्तै महत्त्वपूर्ण छ। अयोध्यासँगको धार्मिक सम्बन्धले गर्दा प्रत्येक वर्ष हजारौं भारतीय श्रद्धालु जनकपुर आइपुग्छन्।

यहाँको राम(जानकी मार्ग, मिथिला पथ, परिक्रमा मार्ग, पर्यटक गाइड, मिथिला हस्तकला बजार, भजन/किर्तन केन्द्रहरू, होटल तथा धर्मशालाहरूले धार्मिक पर्यटनलाई सहजीकरण गरेका छन्।

*यातायात, पूर्वाधार र प्रविधिको विकास*

जनकपुरधाम नेपालका ती सहरहरूमध्ये पर्छ जुन बहुआयामिक यातायात पहुँचमा समावेश छन्।

- **रेलमार्ग** : जनकपुर-जयनगर अन्तर्राष्ट्रिय रेल सेवा सञ्चालनमा छ, जुन नेपाल-भारत धार्मिक सम्बन्धको ज्वलन्त उदाहरण हो।
- **हवाई सेवा** : जनकपुर विमानस्थलबाट काठमाडौंलगायत अन्य सहरहरूमा दैनिक उडान सेवा उपलब्ध छ।
- **सडक यातायात** : जनकपुर विराटनगर, काठमाडौं, भैरहवा, सीतामढी, अयोध्या, पटना, दरभंगा आदि सहरहरूसँग उत्कृष्ट सडक सञ्जालबाट जोडिएको छ।

*जनकपुर केवल सहर होइन, संस्कृतिको जीवित प्रतीक हो*

जनकपुरधामको अस्तित्व केवल विगतको स्मरण होइन, वर्तमानको गौरव र भविष्यको सम्भावना पनि हो। त्रेतायुगको राम(सीता केवल धार्मिक पात्र होइनन्, जनकपुरवासीको चेतना, सभ्यता र संस्कारका मूर्त रूप हुन्।

यहाँको एक चिहान पनि कथा बोल्छ। एक मन्दिर हजार आस्थाको केन्द्र हुन्छ। एक पोखरीले सयौं पाप मेटाउँछ। र यहाँको एक मुस्कानले हजारौं पर्यटकको हृदय जित्छ।

जनकपुरधाम-यहाँ केवल हेर्ने होइन, महसुस गर्ने शहर हो।


# सहरी जीवनशैलीको छायाँमा हराउँदै भिटामिन डी

जनकपुरधाम । चेन्नईकी सफ्टवेयर इञ्जिनियर वासुकीलाई लामो समयदेखि मांसपेशी दुख्ने र थकान हुने समस्या थियो। उनले सुरुमा यसलाई सधैंको मानसिक तनाव वा निद्राको अभावसँग जोडिन्। तर महिनौंसम्म समस्या नहटेपछि डाक्टरकोमा जाँदा रिपोर्टले गम्भीर संकेत देखायो–उनको शरीरमा भिटामिन डीको स्तर अत्यन्तै न्यून थियो।

वासुकीको अनुभव अपवाद होइन। भारतभरि हजारौं मानिसहरू भिटामिन डीको अभावको चपेटामा छन्। यो समस्या अझ बढी सहरका मानिसहरूमा देखिएको छ, जहाँ घाम हुँदाहुँदै पनि सूर्यको किरण छालामा पुग्न सक्दैन। आधुनिकता र जीवनशैलीको बदलिंदो स्वरूपका कारण भिटामिन डीजस्तो महत्वपूर्ण पोषकतत्वको निर्माण प्रक्रियामै अवरोध सिर्जना भएको छ।



विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को दक्षिण-पूर्व एशिया पब्लिक हेल्थ जर्नलमा हालै प्रकाशित एक अध्ययनअनुसार भारतको



राजधानी दिल्लीका शहरी क्षेत्रमा करिब ७० प्रतिशत मानिसमा भिटामिन डीको गम्भीर अभाव देखिएको छ। ग्रामीण क्षेत्रमा यो दर तुलनात्मक रूपमा कम, करिब २० प्रतिशत रहेको पाइयो।

उक्त अध्ययनमा रगतमा भिटामिन डीको सन्तुलन ३० न्यानोग्राम प्रति मिलिलिटर हुनुपर्ने मानक उल्लेख गरिएको छ। जब यो स्तर १० न्यानोग्रामभन्दा कम हुन्छ, तब गम्भीर कमीको रूपमा चिनिन्छ। अध्ययनमा समावेश शहरी बासिन्दाहरूको औसत भिटामिन डी स्तर ७.७ न्यानोग्राम थियो, जबकि ग्रामीणहरूमा यो १६.२ न्यानोग्राम रहेको पाइएको छ।

शहरहरूमा देखिएको यस्तो स्वास्थ्य संकट केवल दिल्लीमा सीमित छैन। चेन्नई, पुणे, तिरुपति, अमरावतीजस्ता अन्य सहरमा गरिएको अनुसन्धानले पनि यही समस्या देखाएको छ। दक्षिण भारतको चेन्नईमा गरिएको एक अध्ययन अनुसार त्यहाँका गर्भवती महिलामध्ये ६२ प्रतिशतमा भिटामिन डीको कमी पाइयो। कैम्ब्रिज विश्वविद्यालय प्रेसमा प्रकाशित एक अन्य अध्ययनमा चेन्नईका ६६ प्रतिशत शहरी बासिन्दामा भिटामिन डीको अभाव देखिएको छ, चाहे उनीहरू मधुमेहका बिरामी हुन् वा स्वस्थ मानिने सामान्य नागरिक।

अझ चिन्ताको कुरा के छ भने, महिला सहभागीहरूमा यो कमी पुरुषभन्दा बढी पाइयो। डब्लुएचओले आफ्नो प्रतिवेदनमा पनि भिटामिन डीको अभाव महिलाहरूमा बढी हुने उल्लेख गरेको छ। भारतमा प्रचलित लुगा ढाक्ने संस्कार, घरबाहिरको सीमित पहुँच, र सामाजिक-धार्मिक व्यवहारले महिलाहरूलाई सूर्यको किरणबाट वञ्चित बनाइरहेको विज्ञहरू बताउँछन्।

भिटामिन डी शरीरलाई सूर्यको प्रकाशबाट प्राप्त हुने एक अत्यावश्यक पोषकतत्व हो। जब सूर्यको अल्ट्राभायोलेट किरण छालामा पर्दछ, तब छालाको माथिल्लो तहमा रहेको '७-डिहाइड्रोकोलेस्टेरोल' नामक तत्वले प्रतिक्रिया जनाउँछ र भिटामिन डी-३ मा रूपान्तरण हुन्छ। त्यसपछि यो लिभर र मिर्गौलामार्फत प्रशोधित भएर सक्रिय भिटामिन डीमा रूपान्तरण हुन्छ। तर जब यो प्रक्रिया बाधित हुन्छ, तब शरीरमा थकान, मांसपेशी कमजोरी, हड्डी कमजोर हुनेजस्ता लक्षण देखिन थाल्छन्।

चेन्नईका छालारोग विशेषज्ञ डा. दक्षिणामूर्ति भन्छन्, "धेरैजसो मानिस सोच्दछन् कि केही मिनेट बाहिर हिँड्दा भिटामिन डी पर्याप्त मिल्छ, तर त्यो गलत हो। मोटा कपडा, झ्यालको सिसा, सनस्क्रिन, चश्मा र प्रदूषणजस्ता कारकहरूले सूर्यको किरणलाई छालासम्म पुग्नै दिँदैन।"

पुडुचेरीका सेवानिवृत्त चिकित्सक डा. पीटर थप्छन्, "सहरी जीवनशैली अब घामभन्दा सिसा, एसी र छाँयामा सीमित हुँदै गएको छ। मानिसहरू दिनभरि घर, अफिस, वा गाडीभित्र बस्छन्। यसरी घाम नपुग्दा शरीरले भिटामिन डी निर्माण गर्नै सक्दैन। आधुनिकताको सस्तो सुविधा महँगो स्वास्थ्य संकटमा परिणत हुन थालेको छ।"

त्यसैगरी, ग्रामीण क्षेत्रका मानिसहरू पनि पूर्णतः सुरक्षित भने छैनन्। यद्यपि उनीहरू खुला आकाशमुनि काम गर्ने सम्भावना बढी हुने भएकाले उनीहरूमा अभावको स्तर तुलनात्मक रूपमा कम देखिन्छ। तर सहरीकरणको लहरले अब ग्रामीण बानीहरू पनि शहरीकरणतिर मोडिँदै छन्, जसले भविष्यमा ग्रामीण समुदायलाई पनि जोखिममा पार्न सक्छ।

सवाल उठ्छ–के भारतजस्तो देशमा, जहाँ वर्षभरि राम्रै घाम लाग्छ, भिटामिन डीको यस्तो गम्भीर अभाव हुनु तर्कसंगत हो?

विज्ञहरू भन्छन्, समस्या घामको अनुपस्थितिमा होइन, घामबाट टाढिने बानीमा छ। स्वास्थ्य विशेषज्ञहरूका अनुसार बिहानको समयमा दैनिक १५ देखि ३० मिनेटसम्म खुला भागमा सूर्यस्नान गर्दा शरीरलाई आवश्यक भिटामिन डी प्राप्त गर्न सकिन्छ। यसमा पनि अनुहार, हात, खुट्टा जस्ता भाग खुलेका हुनुपर्छ, नकि कपडाले ढाकिएका।

खानपान पनि यो समस्याको समाधानको अर्को उपाय हो। दूध, अन्डा, माछा, च्याउ, र भिटामिन डी फोर्टिफाइड खानेकुरा सेवन गर्न सकिन्छ। तर गम्भीर कमी भएको अवस्थामा चिकित्सकको सल्लाहमा सप्लिमेन्ट लिनु आवश्यक हुन्छ।

भिटामिन डीको अभावले थकान, हड्डी दुख्ने, रोग प्रतिरोधात्मक क्षमता कमजोर हुने मात्र होइन, मधुमेह, मुटु रोग, मानसिक स्वास्थ्य जस्ता क्षेत्रमा पनि असर पार्ने पुष्टि भइसकेको छ।

आजको टेक्नोलोजीमैत्री, तर प्रकृतिविमुख जीवनशैलीले भोलिको पुस्तालाई कमजोर हड्डी, कम उर्जा, र उच्च जोखिमसहितको स्वास्थ्य बोझ दिने सम्भावना देखिएको छ।

यसैले समयमै चेतनाको विकास नगरे स्वास्थ्यमा आउने यो 'मौन महामारी' अझै गहिरिँदै जान सक्छ। बीबीसीबाट

# भारतमा भेटियो यस्तो दुर्लभ रगत समूह, जुन अहिलेसम्म कतै देखिएको थिएन

हामीले 'ए', 'बी', 'ओ' र 'आरएच' जस्ता रगत समूहहरूको बारेमा सुनेकै हौं। तर यी बाहेक पनि केही दुर्लभ रक्त समूहहरू हुन्छन् । अब भारतमा एउटा नयाँ रक्त समूह पत्ता लागेको छ, जसको नाम राखिएको छ – सीआरआईबी (CRIB)।


सीआरआईबीमा 'C' को अर्थ हो क्रोमर (Cromer), जुन हालसम्म पत्ता लागेका ४७ रक्त समूहहरूमध्ये एक हो। 'I' को अर्थ हो इन्डिया (India) र 'B' को अर्थ हो बेंगलुरु (Bangalore)। सरल भाषामा भन्नुपर्दा, यो रक्त समूह बेंगलुरु नजिक बस्ने एक महिलामा भेटिएको हो।

यो रक्त समूह यति दुर्लभ छ कि जब ३८ वर्षीया ती महिलाको मुटुको शल्यक्रिया (Heart Surgery) हुन लागेको थियो, त्यतिबेला चिकित्सकहरूले सामान्यतया जस्तै रगत चढाउने सम्भावनाको लागि एक-दुई बोतल रगत स्टकमा राख्ने तयारी पनि गरेनन्।

यसको कारण थियो – विशेषज्ञहरू ती महिलाको रक्त समूह नै पहिचान गर्न सकिरहेका थिएनन्।

शल्यक्रिया सम्पन्न भएको ११ महिना बितेपछि अहिले पनि बेंगलुरुस्थित रोटरी-टीटीके ब्लड सेन्टरका अतिरिक्त चिकित्सा निर्देशक डा. अंकित माथुर त्यो दिन सम्झिँदा राहतको सास फेर्छन्। र, खुसीको कुरा – शल्यक्रिया कुनै अतिरिक्त रगत नचढाई सफलतापूर्वक सम्पन्न भएको थियो।

डाक्टर अंकित माथुर ती महिला उपचार गराइरहेको कोलारको



आरएल जलप्पा अस्पताल र रक्त विश्लेषण केन्द्रबीचको मुख्य समन्वयकर्ता थिए। ती महिलालाई मुटुमा समस्या देखिएपछि यही अस्पतालमा शल्यक्रियाको सिफारिस गरिएको थियो।

***अन्य रक्त समूहभन्दा एकदम भिन्न***

डा. माथुर भन्छन्, "महिलाको रक्त कुनै पनि प्रचलित समूहसँग मिलेन। हामीले सबै सामान्य समूहहरूसँग मिलाएर परीक्षण गर्यौं तर प्रत्येकचोटि प्रतिक्रिया आयो।"

अन्ततः डाक्टरहरूले समाधानको उपायको खोजी महिलाको परिवारभित्रै गर्न थाले। उनका २० जना नातेदारहरूको रक्त नमुना परीक्षण गरियो। सबैले सहयोग गरे पनि कसैको रगत ती महिलासँग मेल खाएन।

त्यसपछि अर्को विकल्प थियो – रक्तको नमुना बेलायतको ब्रिस्टलस्थित इन्टरनेशनल ब्लड ग्रुप रेफरेन्स लेबोरेटरी (IBGRL) मा पठाउने।

विश्वभरबाट रक्त नमुनाहरू परीक्षणका लागि यही प्रयोगशालामा पठाइन्छन्, जसले हेर्छ कि त्यो रक्त अरू कुनै समूहहरूसँग मिल्छ कि मिल्दैन। यो प्रक्रिया दक्षिण भारतबाट बेंगलुरुस्थित रोटरी-टीटीके ब्लड सेन्टर वा उत्तर भारतको चण्डीगढस्थित पीजीआई (PGI) मा रक्त नमुना पठाउने प्रणालीजस्तै हो।

डा. माथुरका अनुसार, "परीक्षण र विश्लेषण गर्न उनीहरूलाई १० महिना लाग्यो। फेब्रुअरी-मार्चतिर उनीहरूले जवाफ पठाए – यस महिला रगतमा एउटा अनौठो एन्टिजेन (Antigen) रहेको छ।"

त्यसपछि यो जानकारी इन्टरनेशनल सोसाइटी अफ ब्लड ट्रान्सफ्युजन (ISBT) मा पठाइयो, जहाँ रेड ब्लड सेल इम्युनोजेनेटिक्स एन्ड टर्मिनोलोजी समूहका विशेषज्ञहरूले अध्ययन गरे। तिनैले यो नयाँ रक्त समूहलाई "CRIB" नाम दिने निर्णय गरे।

यसै वर्ष जुन महिनामा इटालीको मिलानमा सम्पन्न क्ष्क्ष्यत को ३५औं सम्मेलनमा यसको औपचारिक घोषणा गरियो। बीबीसी हिन्दीबाट

# चुरे संरक्षण र सुख्खापीडित किसानलाई राहतको माग गर्दै काठमाडौंमा प्रदर्शन

दैनिक समाचारदाता

काठमाडौं, १९ साउन । चुरे क्षेत्रको दोहन रोक्न र सुख्खाग्रस्त किसानलाई राहत तथा क्षतिपूर्ति दिनुपर्ने मागसहित काठमाडौंमा आज व्यापक प्रदर्शन गरिएको छ । ‘चुरे तथा वनजंगल संरक्षण अभियान नेपाल’को अगुवाइमा चुरे संरक्षणकर्मी, किसान तथा वातावरणकर्मीहरूले संयुक्तरूपमा राजधानीको टुँडिखेल क्षेत्रमा प्रदर्शन गरेका हुन् ।

प्रदर्शनमा सहभागीहरूले “चुरे वनजंगल संरक्षण गर”, “जीवन बाँच्न पानी देऊ”, “सुख्खापीडितलाई राहत देऊ”, “चुरे मास्न पाइँदैन” जस्ता नारा लेखिएका प्लेकार्ड बोकेका थिए । उनीहरूले टुँडिखेल परिक्रमा गर्दै चुरे विनाशको प्रत्यक्ष असर तराई-मधेशको जल(वातावरणमा परेको भन्दै चासो व्यक्त गरे ।

***चुरे विनाश र सुक्खा संकटको सम्बन्ध***

प्रदर्शनकारीहरूको भनाइमा, चुरे क्षेत्रको अवैध दोहन, बालुवा, ढुंगा र गिट्टीको अत्यधिक उत्खननले गर्दा तराई(मधेश क्षेत्रमा जलस्रोतको सतह खस्किँदै गएको छ। यसले विशेषगरी सिरहा, सर्लाही, महोत्तरी, धनुषा, रौतहट, बारा, पर्सा लगायतका जिल्लामा भीषण सुक्खा र पानी संकट निम्त्याएको उनीहरूको आरोप छ।




“चुरेमा पानी सोस्ने प्राकृतिक क्षमता छ, त्यही नष्ट हुँदा तराई(मधेश सुक्खाग्रस्त बन्दै गएको हो,” एक प्रदर्शनकारी अभियन्ता नवल साहले भने, “डिपबोरिङ होइन, चुरे जोगाउनु नै समाधान हो।”

***सरकारी नीति र स्थानीयको असन्तुष्टि***

गत वर्ष प्रधानमन्त्री केपी शर्मा ओलीले सुक्खाग्रस्त क्षेत्रका लागि ५०० डिपबोरिङ निर्माण गर्ने घोषणा गरेका थिए। तर अभियानकर्मीहरूले डिपबोरिङलाई अस्थायी समाधान भन्दै दीर्घकालीन र वैज्ञानिक दृष्टिकोणबाट समाधान खोज्नुपर्ने बताएका छन्।

“डिपबोरिङले भूगर्भ जल सतहलाई झनै गहिरो बनाउँछ, त्यो तात्कालिक उपचार हो, रोगको जड होइन,” वातावरणविद् रेखा पाण्डेले भनिन्, “चुरे र स्रोत संरक्षण नगरी सुक्खाको समस्या समाधान हुँदैन।”

पाँच सूत्रीय माग सार्वजनिक प्रदर्शनका क्रममा चुरे संरक्षणकर्मीहरूले सरकारसँग पाँच बुँदे माग सार्वजनिक गरेका छन्:

१. सुक्खापीडित किसानलाई तत्काल राहत तथा क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने
२. चुरे क्षेत्रको दोहन तत्काल रोक्नुपर्ने
३. खोलामा चेकड्याम निर्माण गरी जलप्रवाहको पुनर्संरचना गर्नुपर्ने
४. परम्परागत पोखरी, इनार, धारा संरक्षणमा सरकारको प्राथमिकता हुनुपर्ने
५. चुरे दोहनमा संलग्न व्यक्तिहरूलाई वन ऐन तथा सम्बन्धित कानुनअनुसार कारबाही गर्नुपर्ने

***चुरे संरक्षणको राष्ट्रिय महत्व***

चुरे क्षेत्र नेपालको १२.७५ प्रतिशत भूभाग ओगटेको छ र देशभरका ३७ जिल्लामा फैलिएको छ। यहाँको जैविक विविधता, जल पुनर्भरण क्षमता र भू(संरक्षण विशेषताका कारण चुरे संरक्षणलाई राष्ट्रिय अभियानको रूपमा अघि बढाउनुपर्ने विज्ञहरूको सुझाव छ। पछिल्लो दशकमा बालुवा, ढुंगा, गिट्टी उत्खनन तथा अन्धाधुन्ध सडक निर्माण, जथाभावी बस्ती विस्तार र वन फडानीले चुरे क्षेत्र अत्यन्त जोखिममा परेको जनाइएको छ। यसको असर तराई(मधेशको जल, कृषि, स्वास्थ्य र बसोबासमै प्रत्यक्ष देखिन थालेको हो।

# पानी परेपछि मधेसमा धमाधम धान रोपाइँ

दैनिक समाचारदाता

जनकपुरधाम, १९ साउन । पछिल्ला तीन दिनदेखि लगातारको वर्षाका कारण ढिलो भए पनि मधेस प्रदेशका किसानहरुले धान रोपाइँ सुरु गरेका छन् । पानीको अभावमा मधेस प्रदेशमा साउनको दोस्रो हप्तासम्म ५० प्रतिशत पनि धान रोपाइँ नभएकामा पानी परेपछि रोपाइँ ६३ प्रतिशत पुगेको मधेस छ ।

लामो समयदेखि पानी पर्न नसक्दा प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरिएको छ । त्यसपछि प्रदेश सरकारले कृषिज्ञान केन्द्रमार्फत खेतीका लागि स्यालो ट्युबबेल वितरण सुरु गरेको छ । निर्देशनालयका अनुसार मधेस प्रदेशमा कूल तीन लाख ७२ हजार ६४५ हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको छ ।



प्रदेशको कृषि विकास निर्देशनालयले जनाएको छ ।

पानी परेपछि देशको प्रदेशका आठवटै जिल्लामा धमाधम धान रोपाइँ भइरहेको निर्देशनालय वरिष्ठ बागवानी अधिकृत प्रदीप यादवले बताउनुभयो । उहाँका अनुसार बारा र पर्सामा धान रोपाइँ सकिएको छ भने अन्य जिल्लामा धान रोपाइँ धमाधम भइरहेको

विगतमा साउनको दोस्रो हप्तासम्ममा धानको रोपाइँ सकिने भएपछि यसपटक पानी नपर्दा ढिलाइ भएको हो । मधेस प्रदेशका जिल्लाहरुमा नदी, नहर, डिप ट्युबबेल बोरिङ तथा स्यालो ट्युबबेललगायत विभिन्न माध्यमबाट जमिनमा मात्र सिँचाइ सुविधा पुगेको तथा ६५ प्रतिशत खेतमा आकाशेपानीको भरमा धानखेती हुँदै आएको छ ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

# किसानलाई मलको यथाशीघ्र व्यवस्था गर्न सांसदको माग

दैनिक समाचारदाता

काठमाडौं, १९ साउन । सङ्घीय संसद् प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरुले किसानलाई यथाशीघ्र मलखादको व्यवस्था गर्न माग गर्नुभएको छ । बैठकको शून्य समयमा सांसदहरुले मल र खादको व्यवस्था नहुँदा किसानहरु मार्कामा परिरहेको उहाँहरुको भनाइ छ ।

सांसद देवप्रसाद तिमिल्सिनाले नेपाललाई कृषिप्रधान देश भनिए पनि मल नपाएर देशभरिका किसानहरु समस्यामा परेको उल्लेख गर्दै यथाशीघ्र समस्या समाधानमा जोड दिनुभयो ।

सांसद प्रभु हजाराले दुई दिनयता मधेसमा पानी परेसँगै किसानले धान रोप्न सुरु गरे पनि मलखाद नपाउँदा समस्यामा परिरहेको बताउनुभयो ।

सांसद वासुदेव घिमिरेले मलखादको वितरण समान हुन नसक्दा अभावको सामना खेप्नु परिरहेको उल्लेख गर्नुभयो । उहाँले अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७ लाई संशोधन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले भन्नुभयो, “कार्यविधि संशोधन नहुँदा सहुलियतको रासायनिक मल वितरण समन्यायिक भएको छैन, वैज्ञानिक आधार र क्षेत्रीय भौगोलिक विविधताको उचित मूल्याङ्कन नगरी मलखाद वितरण भएको छ ।”

उहाँले यसरी मलखाद वितरण गर्दा पहाडी क्षेत्रमा मल थन्किने र तराईमा अभाव हुने देखिएकाले तराईका किसानहरु अत्यन्त मार्कामा परिरहेको दाबी गर्नुभयो ।

सांसद तारा लामा तामाङले शुक्लाफाँटा वन्यजन्तु आरक्षणको विस्तारको क्रममा विस्थापित भएका नागरिकको पुनःस्थापना र व्यवस्थापनको दिगो समाधन नहुँदा समस्यामा परेको बताउनुभयो । “पुनःस्थापना र व्यवस्थापनका लागि सरकारले हालसम्म ३२ वटा अयोग गठन गर्दा पनि समस्या समाधान हुन नसक्दा विस्थापित परिवारहरु निराश छन् । शिविरहरुमा कष्टकर जीवन बिताउन बाध्य छन् । दीर्घकालीन समाधानका लागि अनुरोध गर्दछु”, उहाँले भन्नुभयो ।

सांसदहरु दुर्गा राई र नारायणी शर्माले मुलुकी अपराध संहिताले पूर्णत निषेध गरेको बहुविवालाई छुट दिने कानुन ल्याउन लागिएको सुनिएको उल्लेख गर्दै त्यसको विरोध गर्नुभयो । सांसद राईले महिलामाथि हिंसा हुने र पुरुष छाडा हुने यो कानुन किन ल्याउन लागिएको भनेर विधेयकको घोर निन्दा र भत्सर्ना गर्नुभयो । सांसद शर्माले यो विधेयकलाई तत्काल नष्ट गर्नुपर्ने बताउनुभयो ।

सांसद प्रकाश ज्वालाले पनि बहुविवाहको बाटो खोल्ने गरी कानुनमा गर्न लागेको संशोधन रोकिनुपर्ने माग गर्नुभयो । उहाँले प्रेस स्वतन्त्रता कुण्ठित गर्ने र प्रेसलाई नियन्त्रण गर्ने गरी ल्याउन लागिएको मिडिया काउन्सिल विधेयकलाई मिडियामैत्री हुनेगरी अघि बढाउन आग्रह गर्नुभयो । उहाँले सङ्घीय निजामती विधेयकमा ‘कुलिङ अफ पिरियड’ हटाउन छलछाम षड्यन्त्र गर्न व्यक्तिहरुको नाम र कारबाही किटान गरेर प्रतिवेदन आओस् भन्ने मागसमेत गर्नुभयो ।

सांसद प्रतिमा गौतमले ललितपुरको गोदावरी क्षेत्रको ६० प्रतिशत जारको पानीमा ढलजन्य किटाणुको मात्रा भेटिएको तथ्य सार्वजनिक गर्दै यस्तो दूषित पानीका कारण झाडापखाला, टाइफाइडजस्ता रोगको महामारी फैलन सक्ने खतरा रहेको बताउनुभयो । उहाँले पानी आपूर्ति गर्ने कम्पनीहरूको परीक्षणलाई कडाइ गर्न सरकारसँग माग गर्नुभयो । सांसद विमला सुवेदीले प्रतिनिधिसभाको नियमावलीअनुसार गठन हुनुपर्ने महिला समन्वय समिति अझै गठन नभएकोप्रति आपत्ति जनाउँदै तत्काल गठन गर्न माग गर्नुभयो । सांसदहरु दीपक गिरी, दिलेन्द्रप्रसाद बडू, नैनकला थापा, पुष्पबहादुर शाह र प्रतीक्षा तिवारीले जनचासोका सरोकारहरुबारे धारणा राख्नुभयो ।




‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४